
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक १७ गते शुक्रबार ❑ 3 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मनाङमा छ महिनामा नौ हजार सातसय बढी पर्यटक भित्रिए

**पोखरापत्र संवाददाता**
मनाङ, १५ कार्तिक

हिमाली जिल्ला मनाङ घुम्नका लागि मौसम अनुकूल मानिन्छ । यस समयमा पर्यटक आगमनको उल्लेख्य सुरुआत भएको छ । मनाङ भ्रमणको अनुकूल वातावरण हुनासाथ यहाँ पर्यटकको आगमन वृद्धि भएको छ। विसं २०८० को वैशाखदेखि असोज मसान्तसम्म मनाङमा कूल नौ हजार सात सय ६२ बाह्य पर्यटक भित्रिएका छन् ।

अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना इलाका कार्यालय (एक्याप) मनाङका अनुसार यहाँ आउने पर्यटकले अन्नपूर्ण पदमार्ग र नार्पाभूमिस्थित लार्केपास दवै क्षेत्रको भ्रमण गर्ने गरेको तथ्याङ्कमा उल्लेख छ । अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना इलाका कार्यालय (एक्याप) मनाङका प्रमुख ढकबहादुर भुजेलले नौ हजार दुई सय २८ पर्यटकले अन्नपूर्ण पदमार्ग मात्र भ्रमण गरेका जानकारी दिनुभयो। उहाँका अनुसार पाँच सय २८ पर्यटकले नार्पाभूमिस्थित लार्केपास गरेका छन् । यस क्षेत्रबाट गोरखाको चुङनुम्री हुँदै पर्यटक गन्तव्यतर्फ निस्कने गर्दछन् ।

त्यस्तै असोज मसान्तसम्ममा मात्रै चार हजार तीन सय ५७ बाह्य पर्यटक भित्रिएका छन् । वैशाखमा तीन हजार दुई सय ६६, जेठमा छ सय ६१, असारमा



दुई सय ५९, साउनमा दुई सय ९६, भदौमा नौ सय १३ बाह्य पर्यटक भित्रिएको तथ्याङ्कमा उल्लेख छ। गतवर्ष विसं २०७९ को साउनदेखि मङ्सिरसम्ममा एक हजार ७२ पर्यटक भित्रिएका प्रमुख भुजेलले बताउनुभयो।

गत वर्षको तुलनामा यसवर्ष उल्लेख्य रुपमा पर्यटक वृद्धि भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँको मुख्य आयस्रोत नै पर्यटन क्षेत्र हुनुपर्छ। पर्यटकको आगमन बिना यहाँको राजस्वसमेत उठ्न मुस्किल हुन्छ। यसले नै यहाँका स्थानीयवासीलाई यही बस्ने वातावरण बनाएको छ ।" यहाँका स्थानीयवासीले होटल तथा पर्यटन व्यवसायसँगै कृषि क्षेत्रमा पनि आवद्ध रहेका छन् ।

आयातित वस्तुभन्दा यहाँका स्थानीयवासीले पर्यटकलाई यहीँ उत्पादित खाद्यवस्तु पर्यटकलाई उपलब्ध गराउने गरेका पाइन्छ। "सिजनमा यसवर्ष उल्लेख्य पर्यटकको आगमन भएको छ। यसले व्यावसायिकलाई उत्साह थपेको छ", पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले भन्नुभयो, "आजभोलि आन्तरिक पर्यटकको आगमन पनि वृद्धि भएको छ।"

बाह्य पर्यटकसँगै आन्तरिक पर्यटकको पनि उल्लेख्य आगमन भएको उहाँले बताउनुभयो।"बाह्य पर्यटकले पहिले नै बुकिङ गरेका हुन्छन् । जसले गर्दा उहाँहरुलाई सहज रुपमा बस्ने स्थानको निश्चित भइसकेको हुन्छ । तर, आन्तरिक पर्यटकले यहीँ आएर मात्रै होटल खोज्दा भने समस्या खेप्नु परेको पाइएको छ । यस सिजनमा मनाङ आउँदा पहिलेदेखि नै यहाँका होटल बुकिङ भइसक्ने भएकाले यससम्बन्धी जानकारी लिएर र होटलसम्बन्धी जानकारी लिन आग्रह गर्छु । जसले गर्दा चिसोमा समस्या भोग्न नपरोस् ।"

अहिलेको मौसममा मनाङका विभिन्न क्षेत्र भ्रमणका लागि अनुकूल वातावरण रहेको छ । अलिअलि हिमपात, सेता हिमाल टल्कने, डाँडापाखामा नै हिउँ रहँदा पर्यटकलाई लोभ्याउने गर्दछ । अहिले नेपालीमा घुम्ने, नयाँ नयाँ पर्यटकीय गन्तव्यमा पुग्ने प्रचलन बढ्दै गएको छ । जसले गर्दा मनाङका विभिन्न स्थानको भ्रमणमा आउने आन्तरिक पर्यटक समेत ह्वात्तै बढेका छन् ।

आन्तरिक पर्यटकको तथ्याङ्क त राखिने गरिएको छैन । तर, दैनिक रुपमा यहाँ आउने आन्तरिक पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भएको एक्यापका प्रमुख भुजेलले बताउनुभयो । दैनिक रुपमा एक हजार बढी आन्तरिक पर्यटक आउने गरेका होटल व्यवसायी बाबुराम गुरुङले बताउनुभयो । यसरी पर्यटक आउँदा बन्द व्यापार खुलाएर उत्साह थपिदिएको उहाँले बताउनुभयो । अहिले यहाँका होटल व्यवसायीमा खुसीसँगै उत्साह बढेको उहाँले बताउनुभयो । हिउँद लाग्ने बेलामा र वर्षायाम सुरुआतको समयमा गरी दुई सिजनमा मनाङ घुम्नका लागि अनुकूल समय मानिन्छ । यसै समयलाई मध्यनजर गरी मनाङमा पर्यटक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कैद माफी बदरको आदेशसँगै नेपालगन्जबाट रिगल पक्राउ

**रासस**
काठमाडौं, १६ कार्तिक

बाँकेको नेपालगन्जस्थितबाट प्रहरीले बिहीबार योगराज ढकाल (रिगल)लाई पक्राउ गरेको छ । व्यक्ति हत्यामा दोषी ठहरिएका उनलाई मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले आममाफी दिनुभएको थियो।

सर्वोच्च अदालतले मन्त्रिपरिषद्को सिफारिसलाई बदर गरेसँगै बाँकी कैद भुक्तानका निम्ति रिगललाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरीक्षक सुवासचन्द्र बोहोराले निजलाई बिहीबार अपराह्न पक्राउ गरिएको जानकारी दिनुभयो।

रिगललाई सरकारको सिफारिसमा गत असोज ३ गते राष्ट्रपति रामचन्द्र पौडेलले आममाफी दिनुभएको थियो । रिगलले विसं २०७२ असार २८ गते नेपालगन्जको धम्बोझीचोक नजिकै चेतन मानन्धरमाथि खुँडा प्रहार गरी हत्या गरेका थिए।

सरकारले रिगलको बाँकी कैद मिनाहा गर्ने निर्णयविरुद्ध चेतनकी श्रीमतीले गत असोज २२ गते सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो। रिगलले ११ वर्ष ११ महिना पाँच दिन कैद सजाय भुक्तान गर्न बाँकी थियो।

न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, सपनाप्रधान मल्ल र कुमार चुडालको संयुक्त इजलासले बिहीबार गरेको फैसलामा यसरी गरिने निर्णयमा वस्तुगत आधार



र उचित कारण अभिव्यक्तरुपमा खुलाएर मात्र निर्णय गर्ने गर्नु भनी प्रत्यर्थीका नाममा परमादेश जारी गरेको हो। अदालतको फैसलामा भनिएको छ, "निज प्रत्यर्थी रिगल ढकाललाई तत्काल पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा ठहर भएको जन्मकैदमध्ये ११ वर्ष ११ महिना पाँच दिन कैद निजलाई कारागारमा राखी कानुनबमोजिम असुल गर्नु भनी प्रत्यर्थीका नाममा परमादेश जारी हुने ठहर्छ।"

संविधान दिवसका अवसरमा गत असोज ३ मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट योगराज ढकाल (रिगल) को कैद मिनाहा भएको थियो । उक्त निर्णयविरुद्ध रिगलद्वारा हत्या गरिएका चेतन मानन्धरका पत्नी भारती शेर्पाले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो। निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेको नेतृत्वको टोलीले बहस गरेको थियो। गत असोज २५ गते प्रधानन्यायाधीश विश्वम्भरप्रसादश्रेष्ठ,न्यायाधीशहरु डा आनन्दमोहन भट्टराई र कुमार रेग्मीको पूर्ण इजलासमा सुनुवाइ प्रारम्भ भएपनि हेर्न नमिल्ने भएपनि सुनुवाइ सरेको थियो। त्यसअघि गत असोज १८ गते न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले रिगललाई आममाफी दिन सिफारिस गर्नुपर्नेको कारणसहितको सम्पूर्ण सक्कल मिसिल गत असोज २४ गतेभित्र झिकाउन आदेश गरेको थियो । साथै, अदालतले कानुनी प्रश्नको जटिलता र महत्वको विचार गर्दा पूर्ण इजलासमा पेश गर्नका लागि उपयुक्त देखिएकाले अर्को सुनुवाइका लागि पूर्ण इजलासमा पेशी व्यवस्थापन गर्न समेत आदेश दिएको थियो।

इजलासले सञ्चारमाध्यमको समेत ध्यानाकर्षण गराएको छ। "अदालतमा विवादले प्रवेश पाएपछि मुद्दा विचाराधीन रहेको अवस्थामा कतिपय विवादका सन्दर्भमा सर्वसाधारणमा अनावश्यक शंका उपशंका, भ्रम पैदा हुने गरी विभिन्न सञ्चारमाध्यमहरुमा समाचार सम्प्रेण हुने गरेको सिलसिला प्रस्तुत विवादका सन्दर्भमा पनि कायम रहेको देखिएको छ", अदालतको आदेशमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दमौली अस्पतालको स्तरोन्नतिका लागि मुख्यमन्त्रीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ कार्तिक

तनहुँ सदरमुकामस्थित दमौली अस्पतालको स्तरोन्नतिका लागि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको पुनः ध्यानाकर्षण गराइएको छ। यसअघि पनि पटक-पटक मुख्यमन्त्रीको ध्यानाकर्षण गराइएकामा आज मुख्यमन्त्री कार्यालयमै पुगेर अस्पतालको स्तरोन्नतिका विषयमा ध्यानाकर्षण गराइएको हो।

जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेको नेतृत्वमा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापा र अस्पताल प्रमुख डा परिवर्तन बरालको टोलीले मुख्यमन्त्री पाण्डेसँग अस्पतालको स्तरोन्नतिका विषयमा छलफल गरेको छ । छलफलमा प्रदेशका सामाजिक विकास स्वास्थ्यमन्त्री सुशीला सिर्प डा, प्रमुख सचिव लक्ष्मीकुमार बस्नेत, मन्त्रालयका सचिव डा विनोदविन्दु शर्मासमेत सहभागी हुनुहुन्थ्यो । पन्ध्र शय्याको अस्पताल स्तरोन्नति अतिआवश्यक भएकाले प्रदेश सरकारको ध्यानाकर्षण गराइएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले बताउनुभयो । उहाँका अनुसार विसं २०५९ मा अस्पतालको रूपमा स्तरोन्नति भएको अस्पतालले दमौली मात्र नभई छिमेकी जिल्लाका बासिन्दालाई सेवा दिइरहेको छ । तीव्र सहरीकरण र बढ्दो जनसंख्यासँगै अस्पतालले उक्त शय्यामा सेवा दिने अवस्था छैन । अस्पतालको स्तरोन्नतिका लागि पटक-पटक प्रयास भए पनि त्यसले मूर्तरुप लिन नसकेको थापाको भनाइ छ। बढ्दो चापसँगै अस्पताललाई पचास शय्यामा विस्तार गर्नुपर्ने अवस्था रहेको थापाले बताउनुभयो । अस्पताल विस्तारका लागि सङ्घीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि ज्ञान केन्द्र र भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँको स्वामित्वमा रहेको जग्गा अस्पताल विस्तारका लागि प्रदान गर्ने निर्णय भएको थियो।

तर कार्यान्वयन नहुँदा विस्तार कार्य रोकिएको छ। विसं २०३४ मा स्वास्थ्यचौकीको रूपमा स्थापना र विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नति भएको यस अस्पताल २०५९ सालमा अस्पतालको रूपमा स्तरोन्नति भएको थियो।

अस्पतालमा फोहर पानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, एनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसीयू कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधिकक्षलगायतका सेवा विस्तार भइसकेको छ।

साथै शव राख्नका लागि दुई तह भएका दुईवटा मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ। अस्पतालले आकस्मिक सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलायसिस सेवासमेत प्रदान गर्दै आइरहेको छ।

**बालबालिकाको खानपानः अभिभावकले दिनु पर्छ ध्यान**

◆ बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
◆ आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
◆ प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरूको स्वाद भएको खानेकुरा खुवाऔं,
◆ पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
◆ बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
◆ बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
◆ परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाईल तथा टि.भी.को प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेन्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सहकारीको फूलखेती

पोखरापत्र संवाददाता
स्याङ्जा, १६ कार्तिक



स्याङ्जाको वालिङमा रहेको वालिङ कर्मचारी बचत तथा ऋण सहकारी संस्थाले व्यावसायिकरुपमा सयपत्री फूल उत्पादन गरेको छ।

बचत तथा ऋणको कारोबार गर्दै आएको उक्त सहकारीले आफ्ना शेयर सदस्यलाई फूलखेती गर्नतर्फ प्रेरित गर्ने उद्देश्यसहित व्यावसायिकरुपमा सयपत्री फूलखेती थालिएको सहकारीका अध्यक्ष दिपेन्द्र गैरेले बताउनुभयो ।"सहकारीले शेयर सदस्यहरुबीच आर्थिक कारोबार मात्रै नगरी उनीहरुलाई उत्पादनसँग जोड्न र फूलखेतीको व्यावसायिक सम्भावनाबारे जानकारी दिन फूलखेती गरेका हौँ" उहाँले भन्नुभयो, "दीपावलीलाई लक्ष्य गरेर फूल लगाइएको र उत्पादन पनि भएकाले आर्थिकरुपमा पनि फाइदा हुने भएको छ।"

जिल्लामा बाहिरबाट तिहार तथा अन्य कार्यक्रममा सयपत्री फूलका माला तथा थुङ्गाहरु आउने गरेकामा यहीँ उत्पादन गरी आयातलाई प्रतिस्थापन गर्दै लगिने अध्यक्ष गैरेले बताउनुभयो । सहकारीले वालिङ-१ बौवामा पाँच रोपनी जग्गा भाडामा लिएर विभिन्न जातको सयपत्रीको बेर्ना लगाएको हो । पाँच रोपनी जग्गामा पहिलो पटक पाँच हजार बोट सयपत्री लगाइएको उहाँले बताउनुभयो ।

दसैँ, तिहारलगायत चाडपर्वलाई लक्ष्य गरेर साउनमा लगाइएको बेर्ना अहिले फूलेर रङ्गीविरङ्गी देखिएको सहकारीका सचिव दोलराज गैरेले जानकारी दिनुभयो। यहाँ उत्पादन भएको फूल अहिले पोखरामा खपत भइरहेको छ । सहकारीले प्रतिमाला रु एकसय २० देखि एकसय ५० सम्म बिक्री गर्दै आइरहेको छ। फूलका थुङ्गा प्रतिकेजी रु तीन सय ५० मा बिक्री भइरहेको उहाँले बताउनुभयो ।"ठूलो परिमाणमा फूल उत्पादन भइरहेको छ तर खपत थोरै तथा सोंचे अनुरुप भइरहेको छैन" सचिव गैरेले भन्नुभयो, "अहिले हामीले एक हजार वटा माला दिन सक्छौँ तर माग सो अनुरुप छैन।" जिल्लाभित्र कार्यक्रम कम हुनु, माला तथा फूलको प्रयोग कम हुनुजस्ता कारणले अहिले बजार नपाए पनि अब लगत्तै नेपालीहरुको दोस्रो ठूलो चाड दीपावलीसम्ममा बिक्री भइसक्ने विश्वास सहकारीको छ।

सहकारीले जग्गाको भाडा, जग्गा खनजोत, मलखाद, बीउबिजन, ज्याला, उपकरण खरिदलगायतमा झण्डै रु एकलाख खर्च भएको उहाँले बताउनुभयो। व्यक्तिगतरुपमा मात्रै नभइ समूह तथा सहकारीमार्फत पनि यस प्रकारका व्यावसाय गर्न सकिन्छ भन्ने उदाहरणका लागि पनि सहकारीले फूलखेती गरेको जिकिर उहाँको थियो।



घोडेपानीमा पर्यटक : म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित घोडेपानी भ्रमणमा आएका चिनीया पर्यटकहरु धौलागिरि र अन्नपूर्ण हिमाललाई पृष्ठभूमिमा राखेर सामुहिक तस्बिर खिचाउँदै । घोडेपानीमा अन्य देशको तुलनामा चिनिया पर्यटक बढी आउने गरेका छन्। तस्बिर : सन्तोष गौतम/रासस

# प्रदेश नाकामा पशु क्वारेन्टाइनको माग

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

पशुको स्वस्थता परीक्षण तथा नियमनका लागि प्रदेश नाकामा पनि क्वारेन्टाइनसहितको चेकपोष्ट स्थापना गर्नुपर्ने माग गरिएको छ।

गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले पशुमा देखिने महामारीजन्य रोगको प्रकोप नियन्त्रणका लागि प्रदेश नाकामा क्वारेन्टाइन सेवा सञ्चालन गर्न माग गरेको हो।

प्रदेश सरकारले राष्ट्रिय विकास समस्या समाधान समितिमासमेत सो विषयलाई प्राथमिकताका साथ उठाउनुपर्ने भनी मन्त्रालयले किटान गरेको छ। पुश क्वारेन्टाइनस्थल स्थापना सङ्घ सरकारको एकल अधिकारभित्र पर्ने भएकाले उक्त विषयलाई प्रदेशले भोगिरहेको समस्याका रुपमा राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाइएको मन्त्रालयले जनाएको छ । पोखरास्थित पशु सेवा तालिम केन्द्रका प्रमुख डा गृष्म न्यौपानेले तनहुँ र स्याङ्जामा कृषि तथा पशुपन्छी नियमन एकाइ भए पनि तिनले प्रभावकारी सेवा दिन नसकेको बताउनुभयो। प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालय मातहतका ती एकाइमा पूर्वाधार र जनशक्तिको अभाव रहेको उहाँको भनाइ छ। "व्यवस्थित पशु क्वारेन्टाइन सेवाका लागि सङ्घ सरकारले प्रदेश नाकामा पनि आन्तरिक पशु क्वारेन्टाइनस्थलसहितको चेकपोष्ट स्थापना गर्नुपर्छ", डा न्यौपानेले भन्नुभयो, "प्रदेश सरकारअन्तर्गतका कृषित तथा पशुपन्छी नियमन एकाइलाई पनि स्रोतसाधन सम्पन्न बनाउनु आवश्यक छ ।" हालै मात्र अफ्रिकन स्वाइन फिभर, लम्पीस्किनजस्ता महामारीका कारण नेपालले ठूलो पशुधनको क्षति बेहोर्नुपरेको भन्दै डा न्यौपानेले क्वारेन्टाइन सेवालाई चुस्त र प्रभावकारी बनाउनुपर्ने बताउनुभयो।

उहाँले अन्तर्राष्ट्रिय सिमानामा समेत पशु क्वारेन्टाइन सेवा प्रभावकारी हुन नसकेको उल्लेख गर्नुभयो । "क्वारेन्टाइन सेवा फितलो हुँदा पशुमा महामारीजन्य रोगको प्रकोप नियन्त्रणमा चुनौती थपिएको छ, पशुपालन व्यवसाय नै धरासयी भइरहेको छ", उहाँले भन्नुभयो, "सङ्घ सरकारले प्रदेश नाका, मुख्य राजमार्ग र स्थानमा क्वारेन्टाइन सेवा विस्तार गरेर पशु रोग मुक्त क्षेत्र बनाउन प्रदेश सरकारलाई सहयोग गर्नुपर्छ।"

# मनाङमा ...

घुम्न आउने गर्दछन् । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ्लापास गरी कोही मुस्ताङ त कोही पोखरा पुग्दछन् । अन्नपूर्ण पदमार्गमार्फत पदयात्रा गरी पर्यटक आ-आफ्नो गन्तव्यतर्फ जाने गर्दछन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङे चौतारा हो। पर्यटकले यहाँबाट सुरु गरिएको यात्रा विशेष गरी मुस्ताङ पुग्ने गर्दछन् । अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच वटा जिल्ला जोडिएको छ।

काठमाडौँ, पोखरा, चितवन, बुटवललगायतका स्थानदेखि बेँसीसहरसम्म सवारीसाधनमार्फत मनाङ आउन सकिन्छ। पदमार्गबाट मनाङका विभिन्न स्थानको अवलोकनसहित यात्राको सुरुआत गर्दछन्।

# तीन जिल्लामा लोकवार्ता सङ्गोष्ठी

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

लोकवार्ता परिषद् नेपालले पर्वत, बागलुङ र म्याग्दीमा १२औँ लोकवार्ता सङ्गोष्ठी आयोजना गर्ने भएको छ। नेपाली जनजीवनमा प्रचलित संस्कृति, लोककला, साहित्य, संस्कार, रीतिथिती तथा परम्परागत ज्ञानको अध्ययन र संरक्षण गर्ने उद्देश्यले गोष्ठी आयोजना गर्न लागिएको हो।

परिषद्द्वारा आयोजित उक्त सङ्गोष्ठी यही कात्तिक १८-१९ पर्वत, २१ बागलुङ र २२-२३ गते म्याग्दीमा सञ्चालन हुने सङ्गोष्ठी तयारी समिति बागलुङका संयोजक प्रा डा दिनबहादुर थापाले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्गोष्ठीमा विषय विज्ञद्वारा कार्यपत्र प्रस्तुति गर्नुका साथै त्यसमाथि बहस र समीक्षा हुनेछ । "तीनै जिल्लाका कार्यक्रममा पहिलो दिन २० कार्यपत्र प्रस्तुत हुनेछन् । केही जिल्लाबाट र अधिकांश बाहिरबाट आउने विज्ञहरुले कार्यपत्र पेस गर्नुहुनेछ", थापाले भन्नुभयो, "दोस्रो दिन जिल्लाका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको स्थलगत अध्ययन भ्रमण तय गरिएको छ।" सो कार्यक्रमले धवलागिरि क्षेत्रको सभ्यता र संस्कृतिको अध्ययन/अनुसन्धानमा विद्धान तथा खोजकर्तालाई प्रेरित गर्ने विश्वास आयोजकले लिएको छ। विभिन्न जातजातिको संस्कृति, जीवनशैली, धार्मिकस्थल, प्राकृतिक सम्पदा, कला, साहित्य आदिको उत्थान र संरक्षणमा महत्वपूर्ण टेवा पुग्ने थापाको भनाइ थियो । परिषद्ले सम्बन्धित विषयका विज्ञहरुलाई लोकवार्ताका विविध विषयमा अध्ययन गर्न लगाएर उक्त अध्ययनबाट आउने निचोडलाई पुस्तकका रुपमा प्रकाशन गर्दै आएको छ । परिषद्ले बर्सेनि विभिन्न जिल्लामा पुगेर लोकवार्ता सङ्गोष्ठी गर्ने गरेको छ। पर्वत, बागलुङ र म्याग्दीमा हुने सङ्गोष्ठीमा बाहिरबाट आउने ५० अतिथिसहित झण्डै एक सयको सहभागिता हुने संयोजक प्रा डा थापाले जानकारी दिनुभयो। स्थानीय तहलगायत विभिन्न सङ्घ संस्थासँगको सहकार्यमा सो कार्यक्रम गर्न लागिएको उहाँले बताउनुभयो। "खोज, अनुसन्धान र प्राज्ञिक विषयसँग सम्बन्धित कार्यक्रम भएको हुँदा लोकवार्ता सङ्गोष्ठीले छुट्टै महत्व र गरिमा बोकेको छ", थापाले भन्नुभयो, "परम्परागत ज्ञानको खोजी र संरक्षणले नै हाम्रो पहिचान स्थापित हुन्छ भन्नेमा परिषद् दृढ छ। यो अभियानमा सबैको सहयोगको अपेक्षा गरेका छौँ।"

# एमसिसी परियोजना समयमा सम्पन्न गर्ने प्रतिबद्धता

रासस
पोखरा, १६ कार्तिक

अमेरिकाको भ्रमणमा रहनुभएका परराष्ट्रमन्त्री एन पी साउदले एमसिसि परियोजना समयमा नै सम्पन्न गरिने बताउनुभएको छ।

बुधबार परराष्ट्रमन्त्री एनपी साउद र मिलेनियम च्यालेञ्ज कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत एलिस अल्ब्राईटबीच वाशिङ्टन डिसीमा भएको भेटमा मन्त्री साउदले निर्धारित समयमा नै परियोजना पूरा हुने प्रतिबद्धता व्यक्त गर्नुभएको हो। एमसिसी परियोजना पाँच वर्षमा नै सम्पन्न गर्ने विषयमा एमसिसीका अधिकारीसँग छलफल भएको वाशिङ्टनस्थित नेपाली दूतावासले जनाएको छ । भेटमा अमेरिकाका लागि नेपाली राजदूत श्रीधर खत्री, परराष्ट्र मन्त्रालयका सहसचिव गणेशकुमार ढकाल, दूतावासका अधिकारीहरुलगायत एमसिसीका उपाध्यक्ष जोनाथन ब्रुक्स, नेपालका लागि अमेरिकाका राजदूत डीन आर थम्सन उपस्थित हुनुहन्थ्यो।

गत भदौ १२ गतेदेखि कार्यान्वयन भएको उक्त परियोजनाअन्तर्गत नेपालको विद्युत् आपूर्ति र यातायात पूर्वाधार निर्माण गरिनेछ । पचास करोड अमेरिकी डलर अनुदानको उक्त आयोजनमा नेपाल सरकारले १३ करोड डलर योगदान गरेको छ।

# कैद...

भनिएको छ, "यसप्रकारणको प्रवृत्तिप्रति यस इजलासको ध्यानकर्षण भएको छ। न्यायिक प्रक्रियामा रहेका विषयमा अनावश्यक र भ्रमपूर्ण सूचना जानकारीहरु प्रचारप्रसार गरिएका विषयलाई कुनै सन्दर्भमा कानुनी दायरमा ल्याउनुपर्ने अवस्था समेत रहन सक्दछ, त्यसैले विचाराधीन मुद्दाको विषयवस्तुलाई लिएर अ ल प स ू च न ा क ा आधारमा प्रकाशन र प्रशारण नगर्न नगराउन र अदालतको न्यायिक प्रक्रिया सहयोग गर्न सबै सञ्चारमाध्यमलाई अनुरोध गर्नु भनी सर्वोच्च अदालत प्रशासनका नाममा निर्देशनात्मक आदेश हुने ठहर्छ।"

# न्यायक्षेत्रमा सहकार्य गर्न नेपाल र चीन सहमत

रासस
काठमाडौं, १६ कार्तिक

जिनजियाङको काशगरमा भएको 'पहिलो चीन (कास्गर)-मध्य एसिया र दक्षिण एसिया कानूनी मञ्च'मा सहभागी भई प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ नेतृत्वको नेपाली प्रतिनिधिमण्डल बेइजिङ पुगेको छ। बेइजिङमा उत्रिएलगत्तै प्रधानन्यायाधीश श्रेष्ठले प्रधानन्यायाधीश तथा जनवादी गणतन्त्र चीनको सर्वोच्च जन अदालतका अध्यक्ष झाङ जुनसँग भेटवार्ता गर्नुभएको बेइजिङस्थित नेपाली राजदूतावासले जनाएको छ।

त्यस अवसरमा दुवै देशका प्रधानन्यायाधीबीच न्याय सेवाका विभिन्न विषयमा छलफल भएको थियो । नेपाल र चीनबीचको लामो समयदेखिको सुखद द्विपक्षीय सम्बन्धप्रति सन्तोष व्यक्त गर्दै दुवै पक्षले न्यायपालिकाका क्षेत्रमा सहयोग र सहकार्यलाई प्रवर्द्धन गरी आपसी सम्बन्धलाई थप मजबुत बनाउन सहमति जनाएका थिए। प्रधानन्यायाधीश श्रेष्ठले न्याय सेवाको क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा चीनले गरेको उल्लेखनीय उपलब्धिको प्रशंसा गर्दै दुई देशबीच ज्ञान, अनुभव र उत्कृष्ट अभ्यासको आदानप्रदान गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको उक्त दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।


प्रधानन्यायाधीश नेतृत्वको प्रतिनिधिमण्डल भोलि शुक्रबार काठमाडौँ फर्कने कार्यक्रम छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ। – नेपोलियन

## सम्पादकीय

# पीडितको पक्षमा महत्वपूर्ण फैसला

सर्वोच्च अदालतले नेपालगञ्जका चेतन मानन्धरको हत्यारा योगराज ढकाल उर्फ रिगललाई सजाय माफी दिने सरकारको सिफारिस र राष्ट्रपतिको निर्णय बदर गरेको छ। पत्नी भारती शेर्पाले दायर गरेको रिटको सुनुवाइ गर्दै सर्वोच्चको पूर्ण इजलासले कानुनी शासनको पालना गराउन जोड दिएको छ। ईश्वरप्रसाद खतिवडा, सपना मल्ल प्रधान र कुमार चुडालको पूर्ण इजलासमा रिटको सुनुवाइ भएको थियो। चेतनकी पत्नी भारतीको रिटमाथि प्रारम्भिक सुनुवाइको क्रममा असोज १८ गते न्यायाधीश डा. मनोजकुमार शर्माको इजलासले विभिन्न प्रश्न उठाउँदै विपक्षीलाई मिति र समयसमेत तोकेर लिखित जवाफ मागेको थियो। सर्वोच्च अदालतको आदेशअनुरुप अब 'जन्मकैद' पाएका अपराधीका हकमा कैद मिनाहा गर्न सरकार र राष्ट्रपतिलाई बन्देज लगाएको छ। सरकारको सिफारिसमा ४०.२४ प्रतिशत सजाय भुक्तान गरेका हत्यारा रिगल ढकालको कैद राष्ट्रपतिबाट मिलेको माफी प्रकरणमा नयाँ नजिर स्थापित गरेको छ।

कानुनी आधारका रुपमा ग्रहण हो भने 'पचास प्रतिशत कैद सजाय भुक्तान नभएको' र 'जन्मकैदको सजाय पाएको' कसूरदारको हकमा कैद कट्टा सुविधा प्रदान गर्न मिल्ने देखिँदैन। रिगल ढकालको हकमा बाँकी कैद कट्टा भएको र कैदबाट छुटेको देखियो भने अन्य तीन जना सहयोगीको रुपमा रहेका भनिएकाहरु सह-अभियुक्तहरुको हकमा सो सुविधा प्रदान गरिएको देखिँदैन। यसो गर्नुको कुनै अभिव्यक्त कारण खुल्न आएको पनि पाइन। स्वच्छता, निष्पक्षता र समान व्यवहारका दृष्टिले हेर्दा यस पक्षमा पनि प्रश्न उपस्थित हुनु स्वाभाविक देखिन्छ। सह-अभियुक्तहरुका हकमा अदालतमा मुद्दा विचाराधीन अवस्थामा छ। 'कर्तव्य ज्यान मुद्दा' 'अन्तिम किनारा' भइसकेको भनी मान्न मिल्ने अवस्था देखिँदैन। मुद्दा नै विचाराधीन अवस्थामा सजाय माफी, मूलतवी, कट्टा वा कम गर्ने निर्णय गर्न नमिल्ने भएकाले पनि विवादित निर्णय त्रुटिपूर्ण देखिन्छ। सजाय अन्तिम भइनसकेको अवस्थामा माफी गर्ने, मुलतवी राख्ने, परिवर्तन गर्ने वा कम गर्नेसम्बन्धमा कारवाही निर्णय गर्न मिल्ने देखिँदैन।

खास व्यक्तिको हकमा पुनरावेदन फिर्ता भएको कुरालाई नितान्त प्राविधिक रुपमा अगाडि सारेर न्यायिक निरुपणका लागि विचाराधीन रहेको विषयमा अन्तर्यमा कार्यपालिकी निकायले प्रवेश गर्ने कुराको औचित्य प्रमाणित गर्न खोज्नु मनासिब देखिँदैन। राष्ट्रपति रामचन्द्र पौडेलले काङ्ग्रेस सभापति शेर बहादुर देउवा, उपप्रधानमन्त्री पुर्ण बहादुर खड्काको अग्रसरतामा माफी दिने निर्णय अपराधलाई राजनीतिकरण गर्न खोजेको प्रष्ट भएको छ। सार्वजनिक जवाफदेहीता रहेका पदाधिकारीहरुलाई स्वेच्छाचारी तवरबाट निर्णय गर्ने अनुमति प्रदान गरेको छैन। माफी-मिनाहा, सजाय मूलतवी राख्ने वा सजाय घटाउने, छोट्याउने वा कट्टा गर्ने जुनसुकै प्रकारका निर्णय गर्दा त्यसो गर्नुको वस्तुगत आधार र कारण खुलाउन आवश्यक हुन्छ। कानुनको शासनमा कानुनभन्दा माथि कोही पनि हुँदैन सबैले कानुन पालना गर्नुपर्छ भन्ने पाठ हो। विगतका अभ्यास वा व्यवहारिक सहजतालाई हेरेर कानुन, न्यायिक सिद्धान्तको अनुशरण नगर्ने सुविधा राज्य संयन्त्रका कुनै पनि पदाधिकारीलाई प्राप्त हुन सक्दैन महत्वपूर्ण नजिर हो।

अपराधको राजनीतिकरण गर्ने प्रवृत्तिहरु पनि यस्तै प्रकारका व्यवहार र कार्यशैलीका धरातलमा पैदा हुने र मौलाउने गर्छन्। स्वेच्छाचारिता पैदा गर्ने प्रकृतिका व्यवहारहरुमा नियन्त्रण र सुधार गर्दै गएमा नै कानुनको शासन कायम राख्न योगदान प्राप्त हुन्छ। फैसलाको सार हो। मुद्दाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालन गर्नुपर्छ। संविधान वा कानुनमा हक लेखिने तर व्यवहारमा त्यसको लाभ लिन वा उपभोग गर्न नपाउने हो भने त्यस्तो हकको कुनै अर्थ रहँदैन। संविधानका हक कुनै अलंकारका लागि समावेश गरिएको होइन। पीडितको पीडालाई संविधानसम्मत् रुपमा सम्बोधन गर्नु राज्यको कर्तव्य र दायित्व बन्दछ। विगतमा पीडितको पीडालाई अन्देखा गरेर हुकुमी शासकीय शैलीमा राज्य व्यवस्था सञ्चालन गर्ने गरिएको अवस्थामा कतिपय तर्क र विवेकपूर्ण प्रश्नहरु अनुत्तरित रहेका पनि थिए होलान। तर अबको अवस्था त्यस्तो होइन। लोकतान्त्रिक संवैधानिक परिवेशमा पुरातन विरासत थामेको झल्को आउने गरी माफी, मिनाहा, कैद कट्टी वा सजाय कम गर्ने कानुनी अख्तियारीको प्रयोग गर्न मिल्दैन।

बस्तुतः न्याय पाउने हक फैसलाको कुरासम्ममा मात्र सीमित रहँदैन, फैसलाअनुसारको परिणाम उपभोग गर्ने वा लाभ प्राप्त गर्ने हक पनि 'न्याय पाउनेको हक'मा अन्तर्निहित रहन्छ। अपराध पीडितको हक फैसलाको परिणामसम्म नै विस्तारित रहने भएकाले पीडकलाई भएको सजाय घटी वा कम गर्दा पीडित पक्षको सहमति वा मन्जुरी लिनु अनिवार्य बन्दछ। पीडितलाई सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिको व्यवस्था पनि गरिनुपर्ने भनी पीडितको पक्षमा महत्त्वपूर्ण नजिर हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# झिनियाँ रोटीमा मिसाइने रंग स्वास्थ्यका लागि घातक

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ कार्तिक

तिहारको समयमा बढी मात्रमा प्रयोगमा आउछ। रङ्गीचङ्गी झिनियाँमा मिसाइने रङ्ग स्वास्थ्यका लागि घातक हुने सरोकारवालाहरुको चिन्ता छ। तिहार नजिकिएसँगै बागलुङमा झिनियाँको माग बढी हुनेगर्दछ। तिहारका लागि झिनियाँ बनाउन यतिबेला घरेलु उद्यमीहरु निकै व्यस्त भएकाले रङ्ग प्रयोग नगर्न सरकोकारवालाले सचेत बनाएका छन्।

रङ्ग नहाली झिनिया रोटी बनाउन र उपभोक्ताली पनि रङ्ग नभएको झिनियाँ रोटी खरिद गर्न आग्रह गरिएको छ। तिहारमा मात्र होइन् पछिल्लो समय विवाह, व्रतबन्ध, पूजाआजा र कोसेलीको रुपमा पनि झिनियाँ अत्यधिक प्रयोग हुन थालेपनि रङ्ग मिसाएका झिनियाँ उत्पादन नगर्न प्रशासनले महिला उद्यमीलाई सचेत बनाएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो।

उहाँले झिनियाँ उत्पादन गर्ने उद्यमीलाई रङ्ग प्रयोग नगरी झिनियाँ उत्पादन गर्न आग्रह गरिएको बताउँदै उपभोक्तले समेत तिहारमा सेता झिनिया मात्रै खरिद गर्नेगरी सचेत रहनुपर्ने बताउनुभयो। रङ्गिन झिनियाँ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्ने जोखिम हुने खाद्यप्रविधि गुण नियन्त्रण कार्यालयका प्रमुख सौरभ श्रेष्ठले बताउनुभयो। चाडपर्वको समयमा नेपालीहरुले मिष्ठान्न परिकार बढी बनाउने र त्यसमा अत्याधिक रङ्ग प्रयोग गर्ने गरेकाले यसले जोखिम निम्त्याउने उहाँले बताउनुभयो। "जिल्लामा उत्पादन हुँदै आएको झिनियाँ रोटीमा अत्यधिक रङ्गको प्रयोग भएको देखिन्छ, हामीले रङ्ग मिसाएको खाद्य वस्तुलाई अखाद्य भन्दै आएका छौँ" प्रमुख श्रेष्ठले भन्नुभयो "रङ्ग राखेर बनाइएका र पछि तेलमा तारेर बनाइने खानेकुराले क्यान्सर निम्त्याउने पदार्थको विकास गर्छ, त्यसैले रङ्गिन झिनियाँको प्रयोग गर्न बन्द गर्नुपर्छ, उपभोक्ताले समेत रङ्ग मिसाइएको झिनिया खरिद नगर्न हाम्रो आग्रह छ।"तेलमा नतारिने खानेकुरामा निश्चित मात्रमा खाद्य रङ्ग प्रयोग गर्न सकिने भए पनि तेलमा तारेको वस्तुमा रङ्ग मिसाउदा क्यान्सरको जोखिम बढाउने छ। एक केजी खाद्यपदार्थमा शुन्य दशमलव दुईग्राम भन्दा बढी रङ्ग प्रयोग गर्न नमिल्ने कानुनी व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो। उपभोक्तामा रङ्गिन झिनियाँका कारण क्यान्सर रोगको जोखिम हुन्छ भन्ने चेतना फैलाउन नसक्दा यस्को उत्पादन र बिक्री वितरण रोक्न नसकिएको प्रमुख श्रेष्ठको भनाइ थियो। उपभोक्ताले भने सेतो झिनियाँ खरिद गर्न नमान्ने भएकाले सामान्य रङ्ग मिसाएर झिनियाँ बनाउँदै आएको बागलुङ नगरपालिका-१ रामरेखाका झिनियाँ व्यवसायी शर्मिला श्रेष्ठले बताउनुभयो। उहाँले खाद्यप्रविधि तथा गुणनियन्त्रण डिभिजन कार्यालयले भनेअनुसार रङ प्रयोग गर्ने गरेको जानकारी दिनुभयो। रङ्ग प्रयोग गरिएको भन्दै स्थानीय घरेलु उत्पादनको रुपमा चलिरहेका झिनियाँ रोटीका उद्योगलाई बन्द गर्दा सयौँको रोजिरोटी गुम्ने भएकाले विस्तारै रङ्गको प्रयोग घटाउँदै लैजाने गरी उत्पादनकर्तालाई सचेत बनाउँदै लगिने बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो।

# बस्ती पातलियो, घरघरमै पस्छ चितुवा

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ कार्तिक

गाउँमा घर रित्ता छन्। पाखोबारीमा रुख हुर्किरहेका छन्। खेतका फाँट कुकाठले भरिएर जङ्गल बनेको छ। बस्ती नजिकका पाखा केही वर्षअघि गाईबस्तुको चरिचरण क्षेत्र थियो। दिनभरि गाईबस्तु चरेकै कारण जङ्गल हुनबाट पाखा जोगिएका थिए। आजभोलि फुकुवा गाईबस्तु गाउँघरमा भेट्नै मुस्किल छ। त्यसैले ती पाखामा जङ्गल भरिएको छ।

दश वर्षअघिसम्म बस्तीको नजिक नदेखिने जङ्गली जनावर आजभोलि बागलुङका ग्रामीण बस्तीका घरघरमै देखिन थालेका छन्। जङ्गली जनावर बस्ती नजिक मात्रै पुगेका होइनन् एकाद घरमा ती जनावरले क्षतिसमेत पुऱ्याउन थालेका छन्। जिल्लाको दक्षिण जैमिनी नगरपालिका-१ कुश्मीशेराकी चन्द्रमा शर्माको गोठमा चार दिनअघि चितुवा पस्यो। साँझकै समयमा घरदेखि केही परको जङ्गलमा कराइरहेको चितुवा रातको समयमा गोठमा पसेर खोरमा थुनेका बाख्रालाई आक्रमण गऱ्यो। चन्द्रमाले एक वर्षअघि रू १० हजार तिरेर ल्याएको माउबाख्रो चितुवाले खोरबाट निकालेर चार काल्लामुनि पुऱ्यायो। पातलो गाउँमा छिमेकी निस्केर धपाउँदाधपाउँदै घाँटीमा घाउबनाएर रगत चुसेको अवस्थामा बाख्रो चितुवाको मुखबाट खोसियो। बाख्रो एक दिनभन्दा बढी बाँचेन्। गाउँ छेउका पल्लो पाखार सामुदायिक वन र जलुके तारेभिर सामुदायिक वनमा चितुवा कराउन छोडेका छैनन्। दिनभर गाउँमा बाँदरको आतङ्क छ। रात परेपछि चितुवा कराउँदै घरघरै आइपुग्छन्। "पहिला वनमा चराउन लगेका बाख्रा चितुवाले खान्थ्यो घरमै पसेको कमै सुनिन्थ्यो", शर्माले भन्नुभयो, "छ महिना पहिला बनाएको नयाँ खोरका फलिया फालेर बाख्रो उडायो, पाठा घाइते छन्।" उहाँको बाख्रो खाएको एक दिनपछि छिमेकमा बाँदर धपाउन पालेको गुरुप्रसाद आचार्यको कुकुर चितुवाले खायो। गोठकै छेउको खोरमा थुनेको कुकुर रातको समयमा चितुवा पसेर खाएको आचार्यले बताउनुभयो। "गाउँ पातालो छ। मान्छेभन्दा जङ्गली जनावर धेरै हुन थाले", उहाँले भन्नुभयो, "गरिखान नसकिने अवस्था आयो। बालीनाली बाँदरले खान्छ। पशु पाले बाघलाई, कसरी बस्नु गाउँमा?" बसाइँसराइले बस्ती पातलो हुनु, जङ्गलमा आहाराको कमी हुनु र नजिकमा रहेको निकुञ्जमा मध्यवर्ती क्षेत्र नहुनुले जङ्गली जनावर गाउँ पस्न थालेको डिभिजन वन कार्यालय बागलुङका प्रमुख शरद अधिकारीले बताउनुभयो। "मुख्यगरी जङ्गलमा आहारा नभएपछि मात्रै जङ्गली जनावर जोखिम मोलेर गाउँ पस्छन्", उहाँले भन्नुभयो, "जिल्लामा सिकार आरक्ष छ। तर वफर जोन छैन। आरक्षबाट बाहिर निस्केका जनावर बस्तीसम्म पुगेका हुन सक्छन्।"

# भिजन लुम्बिनीको आइपिओ बिक्री खुला

**पोखरापत्र संवाददाता**
पोखरा, १६ कार्तिक

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा निर्माणाधीन सेती नदी जलविद्युत् आयोजनाको प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा कम्पनीले सर्वसाधारणका लागि आजदेखि प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) बिक्री खुला गरेको छ।

माछापुच्छ्रे-२ सार्दिखोलामा निर्माण भइरहेको आयोजना २५ मेगावाट क्षमताको छ। कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीयवासी र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई निष्कासन गरेको आइपिओ बाँडफाँटपछि सर्वसाधारणका लागि आइपिओ जारी गरेको भिजन लुम्बिनी उर्जा कम्पनी प्रालिका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले बताउनुभयो। उहाँका अनुसार कम्पनीले सर्वसाधारणका लागि कूल २० लाख ७५ हजार दुई सय ८५ कित्ता साधारण शेयर निष्कासन गरेको छ। कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल रहेको छ। कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, सामूहिक लगानी कोष र कम्पनीका कर्मचारीलाई बाँडफाँट गरी बाँकी रहेको चार लाख ८७ हजार नौ सय १० कित्ता शेयरसहित सर्वसाधारणका लागि निष्कासन गरेको हो। यसअघि आयोजनाको प्रभावित क्षेत्रका रुपमा रहेका माछापुच्छ्रे-१, २, ३, ४ र पोखरा महानगरपालिका-१९ का स्थानीयवासीका लागि जारी गरिएको शेयरमा १३ लाख ६८ हजार एक सय ५० हजार कित्ता आवेदन परेको थियो। प्रभावित क्षेत्रका लागि निष्कासन गरिएको चार लाख कित्ता शेयर बिक्री हुन सकेको थिएन। सर्वसाधारणका लागि जारी गरिएको आइपिओमा न्यूनतम १० कित्ताका लागि आवेदन दिनुपर्नेछ। यसैगरी अधिकतममा तीन लाख ८० हजार कित्ता शेयरका लागि आवेदन दिन सकिने कम्पनीले जनाएको छ। निष्कासन बन्द छिटोमा यही कात्तिक २० गते र ढिलोमा आगामी मङ्सिर १ गतेसम्म हुने कम्पनीले जनाएको छ। कम्पनीका कार्यकारी अध्यक्ष पोखरेलले आयोजना सम्पन्न हुने अन्तिम चरणमा पुगेको बताउनुभयो। आयोजनाको सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र प्रसारण लाइन निर्माणतर्फका सबै काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। यही मङ्सिर महिनाभित्र आयोजना सम्पन्न भएर व्यावसायिकरुपमा विद्युत् उत्पादनको तयारी गरिएको छ। माछापुच्छ्रेको सार्दिखोला भराभरिस्थित सेती नदीमा बाँध निर्माण गरी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत पानी ल्याएर एक सय ८७ मिटर उचाइबाट चिन्तेबगरस्थित पावर हाउसमा खसालेर विद्युत् उत्पादन गर्ने योजना छ। आयोजनाको लागनी रु पाँच अर्ब २० करोड रहेको छ। यसमा रु तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन् भने अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपिओ जारी गरेर पूरा गरिएको कम्पनीले जनाएको छ।

# लयमा फर्कन सकेन घोडेपानीको पर्यटन व्यवसाय

**पोखरापत्र संवाददाता**
पोखरा, १६ कार्तिक

केही वर्षअघिसम्म असोज-कात्तिक र चैत-वैशाखको याममा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने घोडेपानीको होटल व्यवसायी जुली ठकुरी पुनलाई खाना खाजा खाने फुर्सद हुने थिएन्। पर्यटकको 'पिक सिजन' असोज-कात्तिकको याममा पछिल्लो पाँच वर्षयता उहाँलाई पहिलेको जस्तो भ्यानभ्याइ छैन्। घोडेपानीकै होटल व्यवसायी सपना गुरुङ पनि जुली जस्तै फुर्सदिलो हुनुहुन्छ। कोरोना भाइरसको महामारी फैलिएपछि सुस्ताएको घोडेपानीको पर्यटन आगमन र होटल व्यवसाय अझै लयमा फर्कनसकेको छैन्।

विश्व प्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गको विभिन्न गन्तव्यमा जाने नाकामा रहेको घोडेपानी नेपालकै प्रसिद्ध पर्यटकीयस्थल हो। कोरोनाले थला परेको पर्यटक आगमन पुरानोलयमा फर्कन नसक्दा होटल व्यवसाय प्रभावित बनेको घोडेपानी होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मीना पुनले बताउनुभयो। "पहिला याममा सबै होटल पाहुनाले भरिभराउ हुन्थे। अहिले दुई चार वटामा मात्र पाहुना छन्। त्यही पनि नियमित छैन," उहाँले भन्नुभयो "कोरोना महामारीको समयको तुलनामा अहिलेको पर्यटक आगमन राम्रो त हो तर कोरोना शुरु हुनु अघिको जस्तो छैन्।" घोडेपानी आसपासको उल्लेरी, तिखेढुङ्गा, चित्रे, शिख क्षेत्रका होटल व्यवसायीको अवस्था झन नाजुक छ। घोडेपानीमा दैनिक एक हजार जना बास बस्न सक्ने क्षमताका साना ठूला गरी ३० होटल छन्। दसैँ-तिहारको याममा घोडेपानीमा स्वदेशी पर्यटकको चाप पनि उत्तिकै हुने गरेको थियो। घोडेपानीको होटल व्यवसायी ज्ञानबहादुर पुनले कोरोना महामारीपछि विश्वव्यापी रुपमा देखिएको आर्थिक मन्दिको असर पर्यटक आगमन र होटल व्यवसायमा परेको बताउनुभयो। "कोरोनाले सबैको आम्दानीमा असर गरेको छ। आम्दानी कम हुँदा घुमघाम गर्न निस्कने घटेका हुन," उहाँले भन्नुभयो "आएकाले पनि खर्च र भ्रमण गर्ने समय छोट्याएका छन्।" विसं २०८० सुरु भएयता म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित घोडेपानी-पुनहिल क्षेत्रमा पन्ध्र हजार जना विदेशी पर्यटकले भ्रमण गरेका पर्यटक प्रहरी चौकी घोडेपानीले जनाएको छ। पर्यटक प्रहरी हबल्दार रामबहादुर खत्रीका अनुसार विसं २०७९ मा २६ हजार तीन सय ११ जना पर्यटकले घोडेपानी पुनहिल क्षेत्रको भ्रमण गरेका थिए। कोरोना अघि वार्षिक ६० देखि ७० हजार पर्यटक आउने गरेका थिए। समुद्र सतहदेखि तीन हजार दुई सय मिटर उचाइमा अवस्थित पुनहिलमा सूर्योदय, गुराँसे जङ्गल र हिमशृङ्खलाको अवलोकन गर्न आउने पर्यटक घोडेपानीमा बास बस्ने गर्दछन्।

पुनहिलबाट धौलागिरि, सिस्ने, गुर्जा, मानापाथी, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु हिमालको अवलोकन गर्न सकिन्छ। सूर्योदयको दृष्य अवलोकन गर्न पाउनु पनि पुनहिलको अर्को विषेशता हो। घोडेपानी र पुनहिल क्षेत्रमा गण्डकी प्रदेशकै ठूलो लालीगुराँसको जङ्गल छ। अन्नपूर्ण राउन्ड गरी तातोपानी हुँदै कास्कीको विरेठाँटी-उल्लेरी, छोम्रोङ-घान्द्रुक-टाडापानी हुँदै र नागी-महरे हुँदै गरी चारवटा नाकाबाट पर्यटक घोडेपानी भित्रिने गरेका छन्। म्याग्दीको पोखरेबगर घार शिख चित्रे हुँदै घोडेपानी सडकमा सवारीसाधन भएर पुग्न सकिन्छ। घोडेपानीमा बास बस्ने पर्यटक एका बिहानै पुनहिल भ्रमणमा जाने गर्दछन्। विदेशी पर्यटक आगमन कम भएकाले नेपाली पर्यटकलाई आकर्षित गराउन छुटको कार्यक्रम ल्याएका छन्। घोडेपानी जोड्ने पोखरेबगर-चित्रे सडक कालोपत्रको अन्तिम चरणमा रहेकाले सडक मार्गबाट आउने स्वदेशी पर्यटक बढ्ने अपेक्षा गरिएको अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो।

# परम्परागत उपचार पद्धतिलाई प्रवर्द्धन गर्न नेपाल र भारतले सहकार्य गर्नुपर्ने

**रासस**
काठमाडौं, १६ कार्तिक

परम्परागत उपचार पद्धति आयुर्वेदको प्रवर्द्धनका लागि ज्ञान, सीप, विशेषज्ञता आदानप्रदान गरी नेपाल र भारतले सहकार्य गर्नुपर्नेमा जोड दिइएको छ।

आठौँ आयुर्वेद दिवसका अवसरमा भारतीय राजदूतावासले बुधबार यहाँ आयोजना गरेको छलफल कार्यक्रममा नेपाल सरकार, नेपाल आयुर्वेद चिकित्सक सङ्घ, नेपाल चेम्बर अफ कमर्स र नेपाल आयुष उद्योगका प्रतिनिधिको सहभागिता रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै दूतावासका नियोग उप-प्रमुखप्रसन्न श्रीवास्तवले आयुर्वेद लगायत परम्परागत चिकित्सा क्षेत्रमा भारत र नेपालबीच रहेको सहकार्यलाई निरन्तरता दिन छलफल गरिएको बताउनुभयो।

ज्ञान, विशेषज्ञता तथा क्षमता अभिवृद्धिको आदानप्रदानमार्फत आयुर्वेदमा सहकार्य प्रवर्द्धन गर्न लागिएको सो अवसरमा जानकारी गराइएको हो। नेपालको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा. वासुदेव उपाध्यायले आयुर्वेद नेपालको स्वास्थ्य सेवाको मान्यता प्राप्त प्रणाली भएको उल्लेख गर्दै नेपाल सरकारले आयुर्वेदको प्रवर्द्धनका लागि काम गरिरहेको जानकारी गराउनुभयो। नेपाल आयुर्वेद चिकित्सक सङ्घका अध्यक्ष डा.श्यामबाबु यादवले नेपालमा आयुर्वेद चिकित्साको प्रमुख अङ्ग भएको बताउनुभयो। भारत सरकार, आयुष मन्त्रालयले सन् २०१६ देखि हरेक वर्ष धनवन्तरी जयन्ती (धन्तेरस)मा आयुर्वेद दिवस मनाउँदै आएको छ। सन् २०२३ नोभेम्बर १० मा मनाइने आठौँ आयुर्वेद दिवसको नारा 'एक स्वास्थ्यका लागि आयुर्वेद-हरेकका लागि हरेक दिन आयुर्वेद' रहेको छ।


## बिमालेख हराएको सूचना

मिति २०८० कार्तिक १२ गतेका दिन मेरो उल्लेखित व्यहोरा भएको बिमालेख पोखरा घारीपाटन देखी पृथ्वीचोक जाने क्रममा अचानक हराएको र हाल सम्म पनि खोजतलास गर्दा फेला नपरेको हुँदा यदी कोही कसैले फेला पार्नुभएमा नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

तपशिल

नाम : अर्जुन सुनार
बिमालेख नं.: १३००१२५८७
सम्पर्क नं. : ९७०४४२०१११
ठेगाना : पोखरा-१७, घारीपाटन

# प्रजातन्त्र सेनानी स्व. कृष्णबहादुर जोशीको सम्झनामा साहित्यकार 'बादल'द्वारा लिखित पुस्तक विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ कार्तिक

पर्वत कुस्मा नगरपालिका ४ का स्व कृष्णबहादुर जोशीको सम्झनामा पुस्तक बुधबार पोखरामा विमोचन भएको छ ।

स्व जोशीका भतिज साहित्यकार सुन्दर प्रसाद जोशी (बादल) द्वारा लिखित पुस्तक 'सम्झनामा काका कृष्णबहादुर जोशी ' नामक पुस्तक विमोचन सम्पन्न भएको हो । पोखरामा सम्पन्न भएको कार्यक्रम पोखरा -१५ का नेपाली काङ्ग्रेस वडा समितिका सभापति सुशील राज पराजुलीको अध्यक्षतामा सम्पन्न भएको हो । नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विभिन्न साहित्यकारसँगै विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । पुस्तकका सर्जक 'बादल'ले आँफुले सृजना गरेको पुस्तकका बारेमा प्रकाश पार्नुभएको थियो ।



कार्यक्रममा प्रमुख अतिथि शर्मा, विशिष्ट अतिथि नेका केन्द्रीय सदस्य एवं पूर्व संविधान सभा सदस्य अर्जुन प्रसाद जोशी, पुस्तकका सर्जक एवं साहित्यकार 'बादल', पूर्व प्रतिनिधि सभा सदस्य लालकाजी गुरुङ, बागलुङ्ग नगरपालिकाका मेयर वसन्त कुमार श्रेष्ठ, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, विन्ध्यवासिनी संस्कृत क्याम्पस प्रमुख जगन्नाथ रेग्मी लगायतले बोल्नुभएको थियो ।

त्यस्तै नेका पोखरा १५ का उपसभापति केमबहादुर गुरुङले स्वागत गरेको उक्त कार्यक्रममा पुस्तकको समीक्षा साहित्यकार इन्द्रमान खत्रीले गर्नुभएको थियो । परिवारको तर्फ साइला छोरा निर्मल कुमार जोशीले धन्यवाद ज्ञापन गर्नुभएको थियो । स्वर्गीय कृष्णबहादुर जोशी २००७ को सशस्त्र क्रान्ति योद्धा तथा प्रजातन्त्र सेनानीका रूपमा चिनिनुहुन्छ । जोशी तत्कालीन बाग्लुङ सरकारकारका यातायात सप्लाई मन्त्री, स्याङ्जा नुवाकोट नेका सदस्य, तत्कालीन पोखरा नेका सदस्य लगायतका पदमा रहेर काम गर्नुभएको थियो । उहाँलाई आध्यात्मिक, शैक्षिक, राजनीतिक तथा सामाजिक व्यक्तित्वका रूपमा समेत चिनिन्छ । उहाँकी ९४ वर्षीय श्रीमती सन्त कुमारी जोसी, ५ भाइ छोरा र २ छोरी छन् । कार्यक्रमको सञ्चालन नेपाली काङ्ग्रेस पोखरा १५ का सचिव प्रितम गुरुङले गर्नुभएको थियो ।

# 'गत वर्ष छ लाख आम्दानी, यसपालि कागती बोटमै'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ कार्तिक

स्याङ्जामा किसानले उत्पादन गरेको कागतीले यस वर्ष उचित बजार पाउन सकेको छैन । वालिङ नगरपालिका-१४ अमलडाँडाका यामप्रसाद पौडेलले गत वर्ष कागती बिक्री गरेर रु ६ लाख आम्दानी गर्नुभएको थियो । यसपाली बजार अभावका कारण कागती बोटमै छ । उहाँले हालसम्म बिक्री गर्न सक्नुभएको छैन । कागतीले बजार नपाउँदा पौडेल चिन्तित हुनुहुन्छ । ' उत्पादन भएको कागतीले बजार नपाउँदा चिन्तित हुनुभएको हो ।

"गत वर्ष कागती बिक्रीबाट राम्रै आम्दानी भएको थियो", उहाँले भन्नुभयो, "यस वर्ष सिजन (याम) मै बजार पाउन सकेको छैन, बजार नपाएकै कारण कागती बोटमै छ ।"

बजार पाउन सकेमा तत्कालै झण्डै एक टनसम्म कागती बिक्री गर्न सकिने पौडेल बताउनुहुन्छ । "कसैले बजार सुनिश्चित गरे एक टनसम्म कागती बिक्री गर्न सकिन्छ", उहाँले भन्नुभयो । स्थानीय बजारमा दैनिक १०/१५ किलोमात्रै कागती खपत हुने गरेको उहाँले बताउनुभयो । "दिनभर बजार डुलाउँदा मुश्किलले १०/१५ किलो मात्र बिक्री हुन्छ । बजार नपाउँदा दिक्क लागेको छ", पौडेल भन्नुहुन्छ । पौडेलले स्याङ्जाका वालिङ, गल्याङ, बयरघारी, पुतलीबजारलगायत बजारका तरकारी पसल र होटलमा कागती बिक्री गर्दै आउनुभएको छ । उहाँले २०७२ सालमा 'पौडेल कागती फार्म' दर्ता गरी पाँच रोपनीमा एकसय ५० कागतीका बोट लगाउनुभएको थियो । 'सुन कागती २' जातको कागतीका बेर्ना ल्याएर लगाउनुभएका पौडेलको अहिले दश रोपनी क्षेत्रफलमा तीन सय कागतीका बोट छन् ।

आठ वर्ष पहिला विदेशबाट नेपालमा करोडौँ रुपैयाँको कागती आयात हुने गरेको सुनेर कागती खेतीमा होमीएको पौडेलको भनाइ छ । "सुरुका दिनमा पाँच रोपनी क्षेत्रफलमा एक सय पचास कागतीका बिरुवा लगाएँ", उहाँले भन्नुभयो, "कागतीको उत्पादन र बजार राम्रो भएपछि पुनः पाँच रोपनी जग्गा किनेर फेरि एकसय ५० बिरुवा थपेँ ।" सुरुमा लगाएका बोटले केही वर्षअघिदेखि उत्पादन दिँदै आएको र पछि लगाएको बोटले आगामी वर्ष फल दिने उहाँले बताउनुभयो ।

विगत वर्षमा कागतीलाई ग्रेडिङ गरी प्रतिकिलो रु एक सय ३० देखि रु दुई सयसम्म बिक्री गर्ने गरिएको थियो । कागतीले बजार पाए यस वर्ष रु १२ लाखसम्म आम्दानी गर्न सकिने पौडेलको विश्वास छ । अन्य बाली लगाउँदा बाँदरको समस्या हुने गरेकाले व्यावसायिकरुपमा कागती खेती गरेको उहाँ बताउनुहुन्छ । कागती भण्डारण गर्न शीतभण्डार नहुँदा पनि पौडेललाई समस्या भएको छ । "भण्डारण गर्न पाए पछि उचित मूल्य पाइन्थ्यो कि भन्ने लागेको छ", उहाँले भन्नुभयो ।

# भ्रमण संस्कृति : सहरका गाउँमा, गाउँका सहरमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ कार्तिक

शारदीय यामसँगै भ्रमणको मौसम सुरु भएको छ । चाडपर्वको रौनकसँगै गाउँघरतिर मेलापर्व चलिरहेका छन् । सहरबजारतिर व्यापार व्यसायको याम छ । आकास खुलेको छ । हिमाल टल्कीएका छन् । वर्षा हुन रोकिएको छ । यही मौकामा घुमफिर गर्न र रमाउन सहरतिरका युवायुवती म्याग्दीका पर्यटकीयस्थलमा उक्लिएका छन् भने गाउँका विद्यार्थी, युवा र प्रौढ आफन्तसँग भेटघाट गर्न, घुम्न र रमाउन सहरबजारतिर झरेका छन् ।

यहाँको भ्रमण संस्कृतिविपरीत मनोविज्ञानमा आधारित छ । समय मिल्यो र मन मिल्ने साथी भएभने भ्रमण गर्ने, रमाउने र मोजमस्ती गर्ने युवा र प्रौढ बढेका छन् । तर, भ्रमण संस्कृतिमा भने विपरीत मनोविज्ञान पाइएको म्याग्दीको पर्यटन र सामाजिक क्षेत्रमा सक्रिय रहनुभएका ओमकुमारी शान्ति कोषका पूर्वअध्यक्ष राजेश शाक्यले बताउनुभयो । "घोडेपानी, पुनहिल, टोड्के, झाँक्रीपानी, बेलढुङ्गा, लभ्लीहिललगायतका म्याग्दीका ग्रामीण पर्यटकीयस्थलमा आन्तरिक पर्यटकको भीड छ । यी सबै क्षेत्रमा पुगेका अधिकांश पर्यटक सहरबजारबाट गाउँ उक्लिएका हुन्", शाक्यले भन्नुभयो, "बजार क्षेत्रमा पनि त्यस्तै अवस्था छ, गाउँका युवा, विद्यार्थी र प्रौढहरु घुम्न, रमाइलो गर्न र किनमेल गर्न बजार झरेका छन् ।" पछिल्लो समय नेपालीमा पनि भ्रमण गर्ने संस्कृतिको विकास हुँदै गएपछि पर्यटकीयस्थल विदेशी पर्यटकलाई मात्र कुर्नुपर्ने बाध्यतामा छैनन् । विदेशमा समेत चर्चित बनेका घोडेपानी, पुनहिल र मुस्ताङलाई नै हेर्ने हो भने पनि सन् २०१९ यता विदेशी कम र आन्तरिक पर्यटकहरु बढी पुगेका छन् । घोडेपानी होटल व्यवस्थापन समितिका अध्यक्ष मीना पुनले भन्नुभयो, "घोडेपानीमा अहिले सदरदर दैनिक चारसय बढी पर्यटक पुग्ने र फर्कने गर्दछन् । तीमध्ये ७५ प्रतिशत आन्तरिक पर्यटक हुन् । त्यसमा पनि सहरबजारबाट घुम्न आउने आन्तरिक पर्यटक ९८ प्रतिशत हुने गर्दछन् ।" चक्रीय अन्नपूर्ण पदमार्गले समेटिएका उत्तरी म्याग्दीका घोडेपानी, पुनहिल, भुरुङ तातोपानीमा मात्रै होइन पश्चिमी म्याग्दीका टोड्के, बेलढुङ्गा, दरबाङ,लगायतका पर्यटकीयस्थलमा समेत आन्तरिक पर्यटकको भीड लागेको पर्यटन व्यवसायीको भनाइ छ । अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने प्रशिद्ध पर्यटकीयस्थल घोडेपानी र पुनहिलमा दैनिक तीन सयदेखि पाँचसय जनासम्म आन्तरिक पर्यटक आएका स्थानीय होटल व्यवसायीहरुले बताएका छन् ।

अध्यक्ष पुनका अनुसार यस वर्ष भदौ पहिलो सातादेखि नै घोडेपानीमा आन्तरिक तथा बाह्य पर्यटक विगतका वर्षका तुलनामा धेरै आएका र दसैं सुरु भएपछि त्योक्रम झन बढेको हो । दसैंअघि दैनिक एक सयदेखि तीनसय जनासम्म आउने गरेकामा दसैं मनाएपछि दैनिक पाँच सयसम्म आन्तरिक पर्यटक घोडेपानीमा आएको उहाँले बताउनुभयो । विदेशी पर्यटकले धमाधम होटल 'बुकिङ' गर्न थालेका उहाँले जानकारी दिनुभयो । अध्यक्ष पुनका अनुसार असोजदेखि मङ्सिरसम्म र फागुनदेखि जेठसम्म धेरै पर्यटक आउने गर्छन् । मुख्य याममा यहाँ दैनिक चार सयदेखि एक हजारसम्म पर्यटक भित्रने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार अहिले पर्यटन सिजन सुरु भएपछि विदेशीसँगै आन्तरिक पर्यटकसमेत घोडेपानी आउन थालेपछि यहाँका व्यवसायी उत्साहित भएका छन् । यहाँ आउने आन्तरिक पर्यटकमा ९८ प्रतिशत बढी व्यक्ति काठमाडौँ, पोखरा, बागलुङ, बेनीलगायतका सहरी क्षेत्रका हुने गरेका उहाँको भनाइ छ । म्याग्दीका सबै पर्यटकीयस्थलमा सडक सञ्जालको पहुँच पुगेपछि निजी सवारी साधनमार्फत आन्तरिक पर्यटक ती क्षेत्रमा पुग्न थालेका धौलागिरि पर्यटन परिषद् म्याग्दीका अध्यक्ष अमर बानियाँले बताउनुभयो ।

ग्रामीण पर्यटनमा ग्रामीण क्षेत्रकै युवामा भने चासो रहेको नपाइएको मङ्गला गाउँपालिका-२ रणबाङका श्रीराम पौडेलले बताउनुभयो । "गाउँका युवा विदेशमा छन्,रहे बचेका युवाहरुलाई पनि सहरबजार नै रमाइलो लाग्छ, फुर्सद मिल्यो किउनीहरु डुल्न घुम्नका लागि बजारतिर लाग्ने गर्छन्", उहाँले भन्नुभयो, "सहरबजारका युवायुवती, प्रौढ, व्यापारी, व्यवसायी र कर्मचारी भ्रमणका लागि गाउँ हुँदै जङ्गलतिर उक्लिने गर्दछन् ।" सहरबाट घुम्नका लागि गाउँ आएका पर्यटकलाई स्थानीय होमस्टे, स्थानीय खानाका परिकार, दृश्यावलोकन र प्राकृतिक सुन्दरताले लठ्याउने गरेको पर्यटकीय क्षेत्र बेलढुङ्गा नजिकको व्यवसायी गणेश श्रीषले बताउनुभयो ।

उत्तरतर्फचाँदी झैँ टल्कने सेता हिमाल । चैत, वैशाखमा राताम्यै फुलेका लालीगुराँस । नागबेली परेको म्याग्दी नदी । जङ्गलको एकान्तमा चिटिक्क परेको स्वर्गाश्रम । धवलागिरि क्षेत्रका दर्जनौँ ग्रामीण बस्ती । बेलढुङ्गाको शिरमा चढेपछि आँखै अगाडि देखिने यस्तो रमणीय दृश्यावलोकनका लागि यहाँ बागलुङ, बेनी, कुश्मा र पोखरादेखि दैनिकरुपमा पर्यटक आउन थालेका उहाँले बताउनुभयो । समुद्री सतहदेखि दुई हजार छ सय १४ मिटर उचाइमा रहेको बेलढुङ्गामा गत वर्ष करिब सात हजार जना आन्तरिक पर्यटक पुगेकामा यस वर्ष त्यो सङ्ख्या अझै बढ्ने उहाँको भनाइ छ । बेलढुङ्गामा कति पर्यटक आए भन्ने तथ्याङ्क राख्ने आधिकारिक निकाय भने यहाँ छैन । स्थानीयले गाउँको होमस्टेमा बास बस्ने र गाउँका होटल तथा पसलमा चियानास्ता गर्नेको सङ्ख्याका आधारमा कुन वर्ष कति पर्यटक आए भन्ने सङ्ख्या अनुमान गर्नु परेको उहाँले बताउनुभयो । बेलढुङ्गाबाट अन्नपूर्ण र धौलागिरि रेञ्जका १२ हिमशृङ्खला, म्याग्दी नदी, कालीगण्डकीसहित म्याग्दी र बागलुङ जिल्लाका खोला तथा झरनाको नागबेली दृश्य, साविकको धौलागिरि अञ्चलका चारवटै जिल्लाका तीन दर्जन बढी गाउँ, वनजङ्गल, जङ्गली जनावर र पक्षीका साथै सूर्योदय र सूर्यास्तको रमणीय दृश्य देख्न सकिने बेनी नगरपालिका- ३ का वडाध्यक्ष पदमपुनले बताउनुभयो । बेलढुङ्गामा पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षण बढ्दै जान थालेपछि बेनी-३ भकिम्ली र बागलुङ जिल्लाको काँठेखोला गाउँपालिका-३ ओखलेबीच विकासका पूर्वाधार निर्माण गर्न होडबाजी नै चलेको स्थानीय युवा टीका पुनले बताउनुभयो । "यहाँ पहिलापहिला घाँस दाउरा गर्ने, भेडाबाख्रा चराउने र निगालो खोज्ने यहाँ आउँथे, हेर्दाहेर्दै सहरबजारबाट घुम्न र रमाउन थाले", उहाँले भन्नुभयो, "गाउँका मान्छेहरु हामीहरु) रमाउन सहर झर्छौं, सहरका मान्छे गाउँहुँदै जङ्गलतिर उक्लन्छन् ।"


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८०/०७/१६

मादी गा.पा. कास्कीको मिति २०८०/०७/१५ गतेको पत्र संख्या ६४३ को पत्रअनुसार यस श्री शिव आधारभूत विद्यालयमा रिक्त रहेको प्रा.वि. तहको करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०८०/०६/१८ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**
विज्ञापन नं.: ०१/२०८०
पदः शिक्षक संख्याः १ जना तहः प्रा.वि.
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको योग्यताः +२ वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८०/०८/१ गते ४:०० बजेसम्म
परीक्षा मितिः २०८० मंसिर १ गते जानकारी गराइने ।
दरखास्त दस्तुरः रु १०००।- (एक हजार मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः सम्पर्क मितिमा तोकिने छ ।
नोटः करार योग्यता सूची २०७९ मा सूचिकृत उम्मेद्वारले दरखास्त दिएको खण्डमा अन्य उम्मेदवारको दरखास्त उपर कुनै कारवाही हुनै छैन । तर करार सूचीमा सूचीकृत उम्मेदवारहरुले विज्ञापन भएको ७ दिनभित्र सम्पर्क गरिससक्नुपर्नेछ ।

**श्री शिव आधारभूत विद्यालय**
**मादी गाउँपालिका-८, पातलचौतारी, कास्की**
**सम्पर्क नं.: ९८०६६५७२०५(वि.व्य.स.अ.),९८४७५५८३६२ (प्र.अ.)**


# छ दशकदेखि भेडापालक किसान भन्दछन्: 'कृषि अनुदान भन्ने थाहा छैन'

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ कार्तिक

शिरमा हरियो गलबन्दी, शरीरमा मैलिएका कपडा । बुढ्यौउली उमेर, चाउरिएका अनुहार ढल्दै गरेको उमेर । तर पनि काम गर्ने जोस जाँगर भने कत्ति पनि घटेको देखिन्न । हिजोआज पहेँलो त्रिपालले छाएको गोठ छेउमै भटिनुहुन्छ, रनबहादुर सिर्पाली । गोठ वरपर दुई सय ५० बढी भेडाबाख्रा चरिरहेका देखिन्छन् । युवावस्थामा एक सय ५० सय भेडाबाख्रा पालेको सुनाउने उहाँ अहिले तागत घट्दै गएपछि कम पाल्न थालेको बताउनुहुन्छ । बागलुङको सबैभन्दा दुर्गमगाउँतमानखोलागाउँपालिका-५ का उहाँले व्यावसायिक रुपमा भेडापालन गन थालेको ६३ वर्ष भयो । नौ वर्षकै उमेरदेखि गोठालो गर्न थाल्नु भएका सिर्पाली अहिले ७२ वर्ष पूरा हुनुभयो । एउटै पेसामा यति लामो समयसम्म निरन्तरता दिई राख्ने यासदै होलान् । सरकारी कर्मचारी भए पनि २० वर्ष मात्रै जागिरमा रहन्छन् । तर सिर्पाली दशकौँसम्म एउटै पेसामा अनवरत रुपमा लागि राख्नुभएको छ । बिहान उठेदेखि राति नसुतुञ्जेलसम्म भेडाबाख्राको स्याहारमै व्यस्त हुने उहाँ दसैं अगाडि मात्रै बुकीबाट झर्नु भएको थियो । विकट गाउँमा जन्म हुँदा सानैबाट गोठालोमा लाग्नुपरेको उहाँले गुनासो गर्नुभयो ।

आफ्नो बाल्यकालमा अहिलेको जस्तो पढ्ने लेख्ने चलन नभएको हुँदा आफूले पढ्न नपाएको उहाँ बताउनुहुन्छ । अहिले तमानखोला दुर्गम नै मानिन्छ । पहाडैपहाडले घेरिएको तमानखोलाका अधिकांश नागरिक रनबहादुर जस्तै पशुपालनमा लागेका छन् । अग्ला भिर पाखा र पशुपालनका लागि राम्रो वातावरण रहेको हुँदा हजारौँ पशु पाल्न सहज हुने उहाँको भनाइ छ । अझै १० वर्ष एक डेढसय भेडा पाल्न सक्ने उहाँ बताउनुहुन्छ । गाउँमा पाका पूर्खादेखि खेतीपाती गर्ने र पशुपालन गर्दै आएको हुँदा आफूले पनि सानैदेखि यही पेसा अङ्गाल्दै आएको उहाँले बताउनुभयो । पछिल्लो समय नयाँ पुस्ता भेडापालनमा चसो नदिँदा परम्परागत पेसा हराउना थालेको उहाँ हुनुहुन्छ ।

चार वर्ष अगाडिसम्म बुकीमा हजारौँ भेडा र सयौँ गोठाला भेटिने गरेकामा अहिले त्यो सङ्ख्या निकै न्यून भएको सिर्पालीले बताउनुभयो । समय परिवर्तनसँगै गाउँघरमा पेसा पनि फेरिँदै गएको हुँदा व्यापार व्यवसाय गर्ने बढ्न थालेको उहाँले बताउनुभयो ।

"सहर बजारमा सुविधा धेरै हुन्छ, हाम्रा गाउँ ठाउँमा बल्ल अलिअलि विकास हुन थालेको छ, पहिले मोटर गाडी देख्न सहर जानुपर्थ्यो, अहिले गाउँमै गाडी गुड्छन्, भेडाबाख्राले पनि अहिले त गाडी देख्न पाए, हाम्रो जमानामा साह्रै दुःख थियो, नून, चामल बटौली (बुटवल) पुगेर ल्याउनुपर्थ्यो, आजभोलि घरमै पाइन्छ," उहाँले भन्नुभयो "हामी सानो-सानो हुँदा गाउँभरिका मान्छेले भेडाबाख्रा पाल्थे, एउटा घरमा कम्तीमा पनि एक सय भेडाबाख्रा र गाईभैँसी हुन्थे, अचेल त्यस्तो छैन, युवा बजार जान थाले, विदेश जान थाले त्यही भएर गोठालो गर्ने पनि घटे ।" सिर्पालीका भेडाको बथानमा काला, सेता र खैरो रङ्गा पाठापाठी र माहु भेडाबाख्रा छन् । हुलमूलमा हराउने हुँदा ती सबैका सिङमा रातो, हरियो लगायतका रंग लगाइएका छन् । बर्खामा बुकी र हिउँदमा बैंसी झर्ने गर्दा घाँस र दाना पुऱ्याउन सहज हुने भएको छ । भेडापालनबाटै परिवार चलाउँदै आएको उहाँ बताउनुहुन्छ । पाँच भाइबहिनी छोराछोरी यही पेसाबाटै हुर्काएको र पढाएको जनाउँदै तीन छोरा र दुई छोरीको विवाहसमेत भेडा बेचेरै गरेको उहाँको भनाइ छ । आफूहरुले अहिलेसम्म भेडापालन गर्दै आए पनि छोराछोरीले यसतर्फ चासोनै नदिएको उहाँ बताउनुहुन्छ । उहाँले भेडा र गोठको सुरक्षाका लागि दुई कुकुरसमेत पाल्नुभएको छ । दुई कुकुरलाई गोठको दुई पट्टीबाँध्नु भएको छ । यसले गर्दा गोठ सुरक्षित हुने उहाँ बताउनुहुन्छ । पहिले-पहिले गोठ बलाङ, मान्द्रो (बाँसको चोयाबाट बनेको सामान)ले बनाउने गरेको सुनाउँदै अहिले त्रिपाल र टेन्टले छाउन थालेको उहाँको भनाइ छ ।

स्थानीय, प्रदेश र संघीय सरकारले कृषिकका लागि हरेक वर्ष अनुदानका कार्यक्रम ल्याउने गरेको छ । तर ती कार्यक्रमले रनबहादुर जस्ता सयौँ किसानलाई अझै पनि छुनसकेको छैन । उहाँ भन्नुहुन्छ " कृषि अनुदान भन्ने मलाई थाहा छैन । ""


## दाबी विरोध गर्न आउने सम्बन्धी १५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/१६)**

प्रस्तुत विषयका सम्बन्धमा पोखरा महानगरपालिका भित्र कार्यक्षेत्र रहेका तपशिल बमोजिमको सहकारी संस्थाको नाम परिवर्तनका लागि यस कार्यालयमा निवेदन प्राप्त भएकोमा पोखरा महानगरपालिका सहकारी ऐन, २०७५ को दफा २६ र पोखरा महानगरपालिका सहकारी नियमावली २०७६ को नियम १४ बमोजिम नाम परिवर्तन हुँदा सम्बन्धित सहकारी संस्थाका शेयर सदस्यहरुको कुनै असहमति वा दावी विरोध भएमा वा यसबाट कोही कसैलाई कुनै प्रकारको हानी नोक्सानी हुने भएमा वा उक्त बमोजिम नाम परिर्वतन नगर्नुपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा प्रमाण सहित निवेदन दिनुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

| सि.नं. | सहकारी संस्थाको नाम | ठेगाना | प्रस्तावित नाम |
|---|---|---|---|
| १ | श्री झुप्राङकोट कृषि पर्यटन सहकारी संस्था लि. | पोखरा-१६ | अपार कृषि पर्यटन सहकारी संस्था लि. |

**सहकारी शाखा**
**पोखरा महानगरपालिका**